# नेपाल राष्ट्र बैंक

## केन्द्रीय कार्यालय

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

**इ.प्रा.निर्देशन नं.** १९/०८२

**<u>सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी व्यवस्था</u>**

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी लगायत सम्बद्ध कसुरसँग सम्बन्धित वित्तीय अपराध निवारण गर्ने सम्बन्धमा सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (यसपछि यस निर्देशनमा "ऐन" भनिएको) र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, **२०८१** (यसपछि यस निर्देशनमा "नियमावली" भनिएको) मा तोकिएका व्यवस्थाहरुका अतिरिक्त थप व्यवस्थाहरु गर्न जरुरी देखिएको हुँदा सोही ऐनको दफा ७ प. र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरेको छ । विषय वा प्रसंगले आवश्यक भएकोमा बाहेक ऐन र नियमावलीमा गरिएका व्यवस्थाहरु यस निर्देशनमा उल्लेख गरिएको छैन ।

**१. नीति तथा कार्यविधि सम्बन्धमा :**

**(१)** ऐनको दफा ७ त. को उपदफा (१) बमोजिम नीति तथा कार्यविधि वनाई लागू गर्दा सोही दफाको उपदफा मा तोकिएका व्यवस्थाहरुका अतिरिक्त देहायबमोजिमका व्यवस्थाहरुलाई समेत समावेश गर्नु पर्नेछ :

(क) आन्तरिक जिम्मेवारी तथा कार्य विभाजन,

(ख) जोखिम मूल्याङ्कन प्रणालीको आधार तथा पद्धति,

(ग) जोखिममा आधारित ग्राहक पहिचान, अद्यावधिक तथा अनुगमन पद्धति,

(घ) अस्वभाविक तथा शंकास्पद कारोवारको पहिचान पद्धति र

(ङ) ऐनको परिच्छेद **६**ख. र **नियमावलीको परिच्छेद ६** बमोजिम गर्नुपर्ने कार्यहरु सम्पन्न गर्ने पद्धति,

(२) सूचक संस्थाले प्रचलित कानुनमा भएको परिवर्तन, जोखिम मूल्याङ्कन, व्यवसाय र प्रविधिमा भएको परिवर्तन, कसूर गर्ने तरीका तथा प्रवृत्तिमा आएको परिवर्तन समेतको आधारमा वार्षिक रुपमा कम्तीमा एक पटक जोखिममा आधारित नीति, कार्यविधि तथा कार्ययोजनामा आवश्यक संशोधन गरी Supervisory Information System (SIS) मा अद्यावधिक गर्नु पर्नेछ ।

**२. ग्राहक पहिचान तथा सम्पुष्टि सम्बन्धमा :**

(१) **ग्राहकको पहिचान तथा सोको सम्पुष्टि गर्दा देहायबमोजिम गर्नुपर्ने** :

(क) संस्थाले ऐनको दफा ७ क. र नियमावलीको नियम ४ तथा नियम ५ बमोजिम ग्राहकको पहिचान तथा सोको सम्पुष्टि गर्नुपर्नेछ ।

(ख) ग्राहकको नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रको विद्युतीय अभिलेखमा रहेको विवरणको पहुँचका आधारमा संस्थाले नियमावलीको नियम ३ बमोजिम ग्राहकको पहिचान तथा सम्पुष्टि गर्न सक्नेछ ।

**(ग) विद्युतीय माध्यमको प्रयोग गर्न सक्नेः**

अ) ग्राहक पहिचान तथा सम्पुष्टि सम्बन्धी नीति तथा कार्यविधि बनाई ग्राहकको पहिचान, भौगोलिक स्थान (Geolocation) तथा सोको सम्पुष्टि हुने सुनिश्चितताका आधारमा विद्युतीय माध्यमबाट समेत खाता खोल्न वा व्यावसायिक सम्बन्ध स्थापित गर्न सकिनेछ ।

आ) यस्तो कार्यविधिले विद्युतीय माध्यमबाट प्राप्त गर्न सकिने आवश्यक कागजात तथा विवरणहरुको सूची, सही कागजात तथा विवरणहरू प्राप्त गर्न भरपर्दो विद्युतीय माध्यम र नियमित रुपमा सम्पुष्टि गरिने विधि समेत तय गरेको हुनुपर्नेछ ।

इ) विद्युतीय माध्यमबाट गरिने कारोवारमा हुनसक्ने जोखिम एवं दुरुपयोगबाट सुरक्षित रहन बैंक वा वित्तीय संस्थाले पर्याप्त उपायहरु अवलम्बन गर्नुपर्नेछ ।

(घ) बैंक तथा वित्तीय संस्थाले २०८१ माघ १ गतेदेखि राष्ट्रिय परिचयपत्रको विद्युतीय अभिलेखमा रहेको विवरणको पहुँचका आधारमा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बरको विवरण यकीन गरी अनिवार्य रुपमा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बरका आधारमा खाता खोल्ने व्यवस्था मिलाउनुपर्नेछ ।
**तर, विदेशमा बसोबास गरिरहेका नेपाली नागरिकले विदेशमै वसी अनलाइन मार्फत् इजाजतपत्रप्राप्त संस्थामा खाता खोल्नु पर्दा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बर बाहेकका अन्य आवश्यक कागजात लिएर समेत खाता खोल्न सक्नेछन् । यसरी खोलिने खाताका सम्बन्धमा निज खातावाला नेपाल फर्किएको ३५ दिनभित्र सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले राष्ट्रिय परिचयपत्रको विवरण लिई अद्यावधिक गर्नुपर्नेछ । साथै आफ्नो हेरचाह आफै गर्न नसक्ने, असक्त, असहाय नागरिकले राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बर बाहेकका अन्य आवश्यक कागजात संलग्न गरेर समेत बैंक खाता खोल्न र कारोबार गर्न सक्नेछन् ।**

(ङ) नेपाल सरकारले सामाजिक सुरक्षा लगायतका सरकारी भुक्तानी दिनुपर्ने अवस्थामा सम्बन्धित सरकारी निकायले उपलब्ध गराएको विवरणका आधारमा बैंक तथा वित्तीय संस्थाले खाता खोल्नु पर्नेछ । त्यस्तो खाताबाट रकम झिक्नु अघि यस निर्देशन बमोजिम ग्राहक पहिचान तथा सम्पुष्टि गर्नुपर्नेछ ।

(२) ग्राहक पहिचान गर्दा कानुनी व्यक्ति वा प्रबन्धको तहगत संरचना वा स्वामित्व रहेको देखिएमा प्रत्येक तहको र त्यस्तो व्यक्ति वा प्रवन्ध उपर नियन्त्रण गर्ने व्यक्ति अर्कै रहेको देखिएमा त्यस्ता व्यक्तिका अतिरिक्त नियमावलीको नियम ६ को उपनियम १, २ र ३ बमोजिमको प्राकृतिक व्यक्तिको समेत पहिचान गर्नु पर्नेछ ।

(३) नियमावलीको नियम ४ को उपनियम ४ बमोजिम व्यवसायिक सम्बन्ध नभएको वा खाता नभएको ग्राहकबाट एक दिनमा एक पटक वा पटक पटक गरी रु. १ लाख वा सो बराबरको विदेशी मुद्रा भन्दा बढीको आकस्मिक कारोवार भएमा निज ग्राहकको पहिचान हुन सक्ने विवरण र कागजात लिनु पर्नेछ ।

(४) कुनै प्राकृतिक व्यक्तिको कारोवारमा परिवार वाहेक अन्य कुनै व्यक्ति वास्तविक धनीको रुपमा रहेको शंका लागेमा सोको समेत पहिचान गर्नु पर्नेछ ।

(५) कुनै पनि बैंक खातामा सम्बन्धित खाता सञ्चालक बाहेक अन्य कुनै व्यक्तिले रु.१ लाख भन्दा बढी रकम नगदै जम्मा गर्न आएमा रकम जम्मा गर्ने व्यक्तिको पहिचान खुल्ने कागजात लिई नगद जम्मा गर्नुको प्रयोजन समेत खुलाउनु पर्नेछ ।

(६) ग्राहकको खाता खोल्ने सिलसिलामा सूचक संस्थाले सम्बन्धित ग्राहकमा निहित जोखिमको आधारमा देहायबमोजिमका व्यक्तिहरुको ल्याप्चे सहिछाप वा Bio-Metric लिनु पर्नेछ :

(क) प्राकृतिक व्यक्तिको हकमा खातावाला र खाता सञ्चालक व्यक्ति अन्य रहेकोमा निजको समेत । तर, नावालकको हकमा खाता सञ्चालकको मात्र लिन बाधा पर्ने छैन ।

(ख) कानुनी व्यक्ति वा प्रवन्धको हकमा खाता सञ्चालक ।

(७) नेपाल सरकार वा नेपाल सरकार अन्तर्गतका कार्यालय वा निकायहरु, विशेष ऐन अन्तर्गत स्थापित निकाय, नेपाल सरकारको स्वामित्वमा रहेका संगठित संस्था, नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु, नेपाल बीमा प्राधिकरणबाट स्वीकृति लिई सर्वसाधारणमा शेयर जारी गरिसकेका बीमा कम्पनीहरु, संयुक्त राष्ट्र संघ वा सो अन्तर्गतका कार्यालय तथा विशिष्टिकृत निकाय एवम् अन्तर्राष्ट्रिय संस्थाहरु र विदेशी राजदूतावासहरुको हकमा ग्राहक पहिचान तथा सम्पुष्टि गर्दा खाता सञ्चालकहरुको मात्र व्यक्तिगत विवरण लिन सकिनेछ । साथै, नेपाल सरकारको कुनै कार्यालयको तर्फ

बाट स्थायी कर्मचारीले खाता सञ्चालन गर्नु पर्दा कार्यालय परिचयपत्रको आधारमा सञ्चालन गर्न सकिनेछ ।

(८) ग्राहक पहिचान तथा सम्पुष्टि गर्दा यस निर्देशनको अनुसूची १९.१ मा तोकिएका कागजात तथा विवरणहरु लिनु पर्नेछ । साथै, ऐन, नियमावली तथा यस निर्देशन बमोजिम ग्राहक पहिचान तथा सम्पुष्टि गर्दा सम्बन्धित ग्राहकमा निहित जोखिमको आधारमा थप कागजात तथा विवरणहरु लिन आवश्यक देखिएमा सो समेत लिनु पर्नेछ ।

(९) स्थानीय उपभोक्ता समितिको खाता खोल्ने सर्न्दभमा सम्बन्धित सरकारी निकायमा दर्ता भएको वा स्थानीय तहको सिफारिस भई आएमा समितिका पदाधिकारीहरु र खाता सञ्चालकहरुको आवश्यक विवरण लिई उक्त खातामा हुने कारोवार प्रति खातावाला सञ्चालकहरु स्वयं जिम्मेवार रहने गरी खाता खोल्न वा सञ्चालन गर्न सकिनेछ । उपभोक्ता समितिको खाता खोल्ने सम्बन्धमा अनुसुची १९.१ (ङ) बमोजिम गर्नु पर्नेछ ।

(१०) नेपाल राष्ट्र बैंक वा अन्य निकायहरुले खाता रोक्का/फुकुवा गरेका व्यक्तिहरुको अद्यावधिक सूची तयार गरी यस्तो सूचीलाई ग्राहक पहिचान पद्दतिको आधारको रुपमा लिनु पर्नेछ ।

(११) ग्राहकले उपलब्ध गराएको मोबाइल नम्बरको विवरण निज ग्राहककै रहे नरहेको सूनिश्चित गर्न निहित जोखिमका आधारमा संस्थाले आवश्यक पहिचान पद्धति अवलम्बन गर्नुपर्नेछ ।

३. सूचिकृत व्यक्ति पहिचान सम्बन्धमा :

(१) ऐनको परिच्छेद ६ख. बमोजिम प्रकाशन गरिएको सूची तथा नियमावलीको नियम ६९ बमोजिम गृह मन्त्रालयले विभिन्न माध्यमबाट उपलब्ध गराएको व्यक्ति, समूह वा संगठनको सूची वा सो सँग सम्बद्ध कुनै व्यक्ति, समूह वा संगठनसँग आफ्नो कारोबार भए नभएको नियमित रुपमा यकिन हुने अद्यावधिक प्रणाली स्थापना गर्नुपर्नेछ ।

(२) सूचिकृत व्यक्ति, समूह वा संगठन वा सोसँग सम्बद्ध व्यक्तिको खाता, लकर वा अन्य कुनै रकम संस्थासँग रहेको भएमा तत्काल रोक्का राखी नियमावलीको अनुसूची १० बमोजिमको ढाँचामा यस बैंकको सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखालाई ३ दिनभित्र जानकारी गराउनुपर्नेछ र सोको एक प्रति वित्तीय जानकारी इकाईलाई समेत उपलब्ध गराउनुपर्नेछ ।

**४. उच्च पदस्थ व्यक्ति पहिचान सम्बन्धमा :**

(१) ऐनको दफा ७ ख. बमोजिम उच्च पदस्थ व्यक्तिको विशेष पहिचान वा यकिन गर्ने प्रयोजनका लागि देहायबमोजिमका संयन्त्रहरुको समेत स्थापना गर्नु पर्नेछ ।

(क) ग्राहकको खाता खोल्दा, ग्राहकसँग कारोवार गर्दा र ग्राहकको विवरण नियमित रुपले अद्यावधिक गर्दा उच्च पदस्थ व्यक्ति पहिचान हुने संयन्त्र ,

(ख) उच्च पदस्थ व्यक्ति थपघट भएको अवस्थामा तत्काल पहिचान हुने संयन्त्र,

(ग) उच्च पदस्थ व्यक्तिको परिवार तथा सम्बद्ध व्यक्ति पहिचान हुने संयन्त्र,

(घ) उच्च पदस्थ व्यक्तिको पदिय हैसियत र संलग्नता बमोजिमको जोखिम पहिचान हुने संयन्त्र,

(२) उच्च पदस्थ व्यक्तिको पहिचान गर्दा देहायबमोजिमको प्रक्रियाहरु अवलम्वन गर्नु पर्नेछ :-

(क) ग्राहकवाट सूचना लिने वा स्वघोषणा गर्न लगाउने ।

(ख) सार्वजनिक रुपमा उपलब्ध सूचना ग्रहण गर्ने,

(ग) सामाजिक सञ्जालमा उपलब्ध सूचनाहरुको विश्लेषण गर्ने र

(घ) व्यवसायिक रुपमा उपलब्ध तथ्याङ्क (Data Base) लिने ।

(ङ) प्रचलित कानून बमोजिम कुनै निकायमा राखिएको यससम्बन्धी अभिलेखबाट सूचना लिने ।

(च) नेपाल सरकार वा तोकिएका संस्था/निकायहरुबाट कम्तिमा पनि वार्षिक रुपमा सूची माग गरी उच्च पदस्थ व्यक्तिको सूची तयार गर्ने ।

(३) संस्थाले उच्च पदस्थ व्यक्तिको वर्गीकरण देहायबमोजिम गर्नुपर्नेछ :
क्तको वर्गीकरण देहायबमोजिम गर्नुपर्नेछ :

(क) पदमा बहाल रहेका उच्च पदस्थ व्यक्ति,
(ख) पदमा बहाल नरहेका उच्च पदस्थ व्यक्ति,
(ग) छिमेकी वा नजिकका मुलुकको विदेशी उच्च पदस्थ व्यक्ति,
(घ) अन्य विदेशी उच्च पदस्थ व्यक्ति,
(ङ) अन्तर्राष्ट्रिय संस्थाको उच्च पदस्थ व्यक्ति ।

(४) उच्च पदस्थ व्यक्तिको अभिलेख नीज पदवाट अवकाश वा मुक्त भएको मितिले कम्तीमा १० वर्षसम्म कायम राख्नु पर्नेछ ।

(५) संस्थाले आफ्नो ग्राहक उच्च पदस्थ व्यक्तिका परिवार वा नजिकको सम्बन्ध भएका व्यक्ति भए नभएको यकीन गर्न आफूसँग ग्राहकबाट प्राप्त जानकारी तथा बुँदा नं. (१) बमोजिम बनाइएको संयन्त्र प्रयोग गर्नुपर्नेछ ।

(६) २०८१ माघ १ सम्ममा संस्थाले सबै उच्च पदस्थ व्यक्तिको खातामा राष्ट्रिय परिचयपत्रको विवरण अद्यावधिक गर्नुपर्नेछ ।

## ५. वास्तविक धनी पहिचान सम्बन्धमा :

(१) ऐनको दफा ७ ग. तथा नियमावलीको नियम ६ बमोजिम वास्तविक धनीको पहिचान गर्न देहायबमोजिमका संयन्त्रहरुको स्थापना गर्नु पर्नेछ ।

(क) वास्तविक धनी पहिचान गर्ने संयन्त्र,
(ख) वास्तविक धनी र नीजसँग सम्बद्ध कारोवारको सुक्ष्म अनुगमन गर्ने संयन्त्र र
(ग) वास्तविक धनी र नीजसँग सम्बन्धित सम्पूर्ण कारोवारहरुको एकीकृत रुपमा अनुगमन गर्ने संयन्त्र ।

(२) वास्तविक धनी पहिचान गर्दा देहायबमोजिमको प्रक्रियाहरु अवलम्बन गर्नु पर्नेछ :-

(क) ग्राहक संस्थाले सम्बन्धित दर्ता गर्ने निकायलाई बुझाएको अद्यावधिक वास्तविक धनीको विवरण लिने,
(ख) ग्राहकबाट सूचना लिने वा स्व-घोषणा गर्न लगाउने,
(ग) सार्वजनिक रुपमा उपलब्ध सूचना ग्रहण गर्ने,
(घ) सामाजिक सञ्जालमा उपलब्ध सूचनाहरुको विश्लेषण गर्ने,
(ङ) प्रचलित कानुन बमोजिम राखिएको अभिलेखबाट सूचना लिने,
(च) व्यवसायिक रुपमा उपलब्ध तथ्याङ्क (Data Base) लिने र
(छ) नेपाल सरकारका सम्बन्धित निकाय वा संस्था वा अन्य निकायहरुबाट सुचना माग गर्ने ।

(३) वास्तविक धनी सम्बन्धी अभिलेख व्यवसायिक सम्बन्ध वा कारोवार समाप्त भएको मितिले ५ वर्षसम्म कायम राख्नु पर्नेछ ।

## ६. बृहत् ग्राहक पहिचान सम्बन्धमा :

(१) ऐनको दफा ७ ङ. को उपदफा (१) मा उल्लेख भएका ग्राहकहरुका अतिरिक्त देहायबमोजिमका ग्राहकहरुसँग व्यवसायिक सम्बन्ध स्थापना वा कारोवार गर्दा समेत बृहत् ग्राहक पहिचान पद्धती अवलम्बन गर्नु पर्नेछ ।

(क) विद्युतीय माध्यमबाट हुने कारोबार अर्न्तगत प्रणालीगत रुपमा महत्वपुर्ण र अस्वभाविक रुपमा शंकास्पद तवरवाट कारोबार गर्ने ग्राहक ।
(ख) उच्च नेटवर्थ भएका ग्राहक, (यस प्रयोजनका लागि उच्च नेटवर्थ जनाउने सीमा वा चरहरु (Variables), ग्राहक पहिचान विवरण र शंकास्पद कारोवार सम्बन्धी सुचकहरु (Red flag indicators) बैंक तथा वित्तीय संस्थाहरुले आफै निर्धारण गर्नु पर्नेछ ।)
(ग) सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी अपराधमा संलग्न हुन सक्ने आधार देखिएका ग्राहक,

(घ) भ्रष्टाचार, करछली लगायत अन्य अपराधिक कार्यका आधारमा उच्च जोखिममा रहेका मुलुकका ग्राहक वा हाल बसोबास वा पेशा वा व्यवसाय गरिरहेको स्थान आदिको आधारमा जोखिममा रहेका ग्राहक ।

(यस प्रयोजनका लागि बैंक तथा वित्तीय संस्थाले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था, देश, FATF को "High-Risk Jurisdictions subject to a Call for Action","Jurisdictions under Increased Monitoring" मा सूचीकृत मुलुक र UN Sanction List बाट प्राप्त जानकारीको आधारमा सम्बन्धित मुलुकहरूको सूची तयार गरी नियमित रुपमा अद्यावधिक गर्नु पर्नेछ ।)

(ङ) नगदको वढी प्रयोग हुने व्यवसायमा संलग्न ग्राहक वा नयाँ वित्तीय प्रविधि वा उपकरण मार्फत कारोवार गर्ने ग्राहक ।

(च) प्रचलित कानून बमोजिम नैतिक पतन हुने कसूरजन्य कार्यमा संलग्न भई अदालतबाट कसूरदार ठहरिएको ग्राहक ।

(२) उपबुँदा नं. १ बमोजिमका ग्राहकहरुसँग व्यवसायिक सम्बन्ध स्थापना गर्दा वा कारोवार गर्दा नियमावलीको नियम ८ मा उल्लेखित उपायहरुका अतिरिक्त देहायका थप उपायहरु अवलम्बन गरी बृहत् ग्राहक पहिचान पद्धति (Enhanced Customer Due Deligence, ECDD) अवलम्बन गर्नु पर्नेछ ।

क) कारोबारको स्रोत पहिचान वा सम्पुष्टि गर्ने ।

(ख) कारोबारको उद्देश्यको जानकारी वा सोको प्रमाण लिने ।

(ग) कारोवारको अनुगमन गर्ने प्रयोजनका लागि सीमा निर्धारण गर्ने वा अन्य कुनै उपाय अवलम्बन गर्ने ।

(घ) अन्तराष्ट्रिय प्रचलन अनुसार ECDD गर्ने संयन्त्रको विकास गरी सो मार्फत सूचना लिने ।

## ७. सरलीकृत ग्राहक पहिचान सम्बन्धमा :

संस्थाले ऐनको दफा ७ च. र नियमावलीको नियम ९ बमोजिम सरलीकृत ग्राहक पहिचानको प्रक्रिया अवलम्बन गर्न सक्नेछन् । यसरी सरलीकृत ग्राहक पहिचान तथा सो को सम्पुष्टि गर्दा देहायबमोजिमका मापदण्ड/प्रक्रियाहरु अपनाउनु पर्नेछ ।

(१) सरलीकृत ग्राहक पहिचानका लागि उपयुक्त पद्धतिको विकास गर्नु पर्नेछ ।

(२) सरलीकृत ग्राहक पहिचान पद्धति अपनाइएका ग्राहकहरुको विवरण राख्नु पर्नेछ ।

(३) सरलीकृत ग्राहक पहिचान पद्धति अपनाई खोलिने खाताहरुको लागि छुट्टै फारामको विकास गर्नु पर्नेछ ।

(४) सरलीकृत वर्गीकरणमा परेका ग्राहकहरुको खाता खोल्ने, कारोवार गर्ने वा विवरण अद्यावधिक गर्ने क्रममा सरलीकृत प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

## ७क. खोलौ बैंक खाता अभियान, २०७६ अन्तर्गत खोलिने खाताको ग्राहक पहिचान सम्बन्धमा ।

खोलौ बैंक खाता अभियान, २०७६ अन्तर्गत सबै नेपालीको बैंक खाता खोल्ने प्रयोजनका लागि बैंक खाता नभएका नेपाली प्राकृतिक व्यक्तिको हकमा ग्राहक पहिचान तथा सम्पुष्टि गर्दा देहायबमोजिमको मापदण्ड/प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।

(अ) यस व्यवस्था बमोजिम खोलिने बैंक खाताका लागि सरलीकृत खाता खोल्ने फाराम प्रयोग गर्नु पर्नेछ । यस व्यवस्था बमोजिम खाता खोल्दा ग्राहकको अन्य बैंक खाता नभएको स्वघोषणा लिनु पर्नेछ ।

(आ) ग्राहक पहिचान तथा सम्पुष्टि गर्दा नागरिकताको प्रमाणपत्र वा राहदानी वा फोटो सहितको मतदाता परिचयपत्र वा राष्ट्रिय परिचयपत्र वा सवारी चालक अनुमतिपत्र वा कुनै सरकारी निकायले जारी गरेको फोटो सहितको परिचय पत्र वा सम्बन्धित स्थानीय तहले प्रमाणित गरी उपलब्ध गराएको फोटो सहितको सिफारिसको आधारमा सम्पुष्टि गर्नु पर्नेछ ।

(इ) यस व्यवस्था अन्तर्गत खोलिएका खाताको अधिकतम वार्षिक कारोबारको सीमा रु. १ लाखसम्म हुनेछ । रु. १ लाख भन्दा बढीको कारोबार भएको अवस्थामा बुँदा नं. २ बमोजिम ग्राहक पहिचान तथा सम्पुष्टि गर्नु पर्नेछ ।

(ई) यस व्यवस्था बमोजिम खोलिएका खातामा बैंक तथा वित्तीय संस्थाले आफ्नो तर्फबाट प्रति खाता रु. १०० (एक सय) जम्मा गर्न सक्नेछन ।

**७ख. विप्रेषण (रेमिटयान्स) बचत खाता सम्बन्धमा ।**

नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृतिप्राप्त गरी वैदेशिक रोजगारीमा जाने वा हाल वैदेशिक रोजगारमा रहेका नेपालीको बैंक खाता खोल्ने प्रयोजनका लागि देहायबमोजिमको मापदण्ड/प्रक्रिया अवलम्बन गर्नु पर्नेछ :

(अ) यस व्यवस्थाबमोजिम खाता खोल्दा ग्राहकको अन्य संस्थामा विप्रेषण (रेमिटयान्स) बचत खाता नभएको स्वःघोषणा लिनु पर्नेछ ।

(आ) यस व्यवस्था बमोजिम खोलिने बैंक खाताका लागि सरलीकृत ग्राहक पहिचानको प्रक्रिया अवलम्बन गर्न सकिनेछ ।टट

(इ) यस व्यवस्था बमोजिम खोलिएका खातामा बैंक तथा वित्तीय संस्थाले आफ्नो तर्फबाट प्रतिखाता रु.१००( अक्षरेपी एक सय मात्र) जम्मा गर्न सक्नेछन ।

(ई) उक्त खातामा **वैदेशिक रोजगारीवापत आर्जन गरेको पारिश्रमिक (पेन्सनसमेत)**, नेपालबाट सोही खातामा रहेको रकमको ब्याज, विप्रेषण मुद्दती निक्षेप खाताबाट रकमान्तर हुने रकम र सरकारी निकायबाट प्राप्त हुने भुक्तानीबाहेक अन्य कुनै पनि रकम जम्मा वा रकमान्तर गर्न पाइने छैन् ।

**८. ग्राहक तथा वास्तविक धनी पहिचान अद्यावधिक सम्बन्धमा :**

(१) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले ऐनको दफा ७ छ. को उपदफा (१) बमोजिम विद्यमान ग्राहक तथा वास्तविक धनीको सम्बन्धमा विद्युतीय माध्यमबाट विवरण राखी आवश्यक परेको बखत जुनसुकै समयमा परीक्षण तथा विश्लेषण गर्न वा नियमनकारी निकायले माग गरेको बखत तोकिए बमोजिमको ढाँचामा उपलब्ध गराउन सक्ने गरी अद्यावधिक गर्नुपर्नेछ ।

(२) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले ग्राहक पहिचान सम्बन्धी विवरणहरु देहायबमोजिम नियमित रुपले अद्यावधिक गर्नु पर्नेछ ।

(क) उच्च जोखिम देखिएका ग्राहकहरुको कम्तीमा वर्षको एक पटक तथा जोखिमको वर्गीकरण अनुसार ।

(ख) ग्राहक पहिचान विवरण अनुरुप कारोवार मेल नखाएको अवस्थामा तत्काल,

(ग) ग्राहक पहिचानको कार्य पुरा नभएको अवस्थामा तत्काल ।

(घ) ग्राहक पहिचान विवरणमा उल्लेखित सूचना, जानकारी तथा तथ्याङ्कको सत्यता वा पर्याप्तताको बारेमा सम्बन्धित बैंक वा वित्तीय संस्थालाई शंका लागेको अवस्थामा तत्काल ।

(ङ) बैंक तथा वित्तीय संस्थाले जोखिम मुल्याङ्कनको आधारमा जोखिममा आधारित प्रणाली बमोजिम उच्च जोखिममा रहेका ग्राहकहरुको विवरण अद्यावधिक गर्ने संयन्त्र स्थापित गर्नु पर्नेछ ।

(३) बैंक तथा वित्तीय संस्थाको कुनै पदाधिकारी वा कर्मचारीले ग्राहकको बारेमा प्रत्यक्ष वा अप्रत्यक्ष, औपचारिक वा अनौपचारिक रुपमा प्राप्त गरेको सूचनाको विश्लेषण गरी ग्राहक पहिचानलाई अद्यावधिक गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) ग्राहक पहिचान अद्यावधिक गर्दा आफूसँग भएको पूर्व सूचना वा कागजात वाहेक परिवर्तन भएको, हुन सक्ने र नयाँ विवरण तथा कागजात मात्र सम्बन्धित ग्राहकसँग माग गर्नु पर्नेछ । साथै, ग्राहक स्वयं उपस्थित भई उपलब्ध गराउनुपर्ने वा अद्यावधिक गराउनु पर्ने विवरण बाहेक अन्य विवरणहरु बैंक तथा वित्तीय संस्थाले अन्य उपयुक्त माध्यमबाट लिन सक्नेछन् ।

(५) ग्राहक पहिचान गर्दा वा ग्राहकको विवरण अद्यावधिक गर्दा वित्तीय जानकारी इकाईलाई दिनुपर्ने न्यूनतम सूचना वा जानकारी लिनु पर्नेछ ।

**(६)** ग्राहक पहिचान गर्दा वा ग्राहकको विवरण अद्यावधिक गर्दा राष्ट्रिय जोखिम मुल्याङ्कन र पारस्परिक मुल्याङ्कन प्रतिवेदन २०२३ ले औंल्याएका जोखिमयुक्त सम्बद्ध कसुर जस्तैः

(१) भ्रष्टाचार, (२) कर छली, (३) मानव बेचबिखन एवं अन्य जोखिमयुक्त सम्बद्ध कसुरहरु र क्यासिनो वा इन्टरनेट क्यासिनो व्यवसायी, बहुमूल्य धातु वा वस्तु व्यवसायी, घरजग्गा खरिद/बिक्री व्यवसायी तथा सहकारीहरुको खाता र आवद्ध व्यक्तिहरुको पहिचान र निजहरुको कारोबारलाई प्राथमिकतामा राखी अनुगमन गर्नुपर्नेछ ।

(७) ग्राहक पहिचान अद्यावधिक गर्ने क्रममा यथासम्भव प्रयास गर्दा समेत सम्पर्क हुन नसकेका ग्राहकको छुट्टै विवरण तयार गर्नु पर्नेछ ।

(८) कुनै व्यक्ति वा संस्थाको प्रथमपटक खाता खोल्दा माग गरिएका सम्पूर्ण विवरणहरु सहित संस्थाको हकमा पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण गरिएको वित्तीय विवरण प्रत्येक पटक ग्राहक पहिचान गर्दा सम्बन्धित ग्राहकको जोखिमको आधारमा मात्र माग गर्ने गरी ग्राहक पहिचान सम्बन्धी व्यवस्थाको कार्यान्वयन गर्नुपर्नेछ ।

(९) ग्राहक तथा वास्तविक धनीको पहिचान गर्दा बैंक तथा वित्तीय संस्थाले अनिवार्य रुपमा जोखिममा आधारित ग्राहक पहिचान प्रकृया अवलम्बन गर्नु पर्नेछ । सबै वर्गका ग्राहक तथा वास्तविक धनीको पहिचान गर्न, अद्यावधिक गर्न र थप जानकारी माग गर्न एउटै विधि तथा प्रकृया अवलम्बन नगरी सम्बन्धित ग्राहक, कारोवार, स्थान र सेवाको प्रकृति अनुसार जोखिम अनुमान गरी सोको आधारमा गर्नुपर्नेछ ।

(१०) ग्राहक तथा वास्तविक धनीको पहिचान एवं अद्यावधिक गर्ने कार्यलाई बैंक तथा वित्तीय संस्थाले आफ्नो नीति तथा कार्यक्रमको मुख्य कार्ययोजनामा समावेश गरी सोको नियमित रुपमा अनुगमन गर्ने व्यवस्था गर्नुपर्नेछ ।

**९. जोखिम व्यवस्थापन सम्बन्धमा :**

(१) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले ऐनको दफा ७घ. तथा दफा ३५ बमोजिम AML/CFT सम्बन्धी संस्थागत जोखिमको पहिचान तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको पहिलो त्रयमासभित्र सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखा तथा वित्तीय जानकारी इकाईमा *(fiupolicy@nrb.org.np )* पेश गर्नुपर्नेछ ।

यसरी जोखिम मूल्याङ्कन गर्दा देहायबमोजिमका विषयलाई समेत आधार लिई बैंक तथा वित्तीय संस्थाले ग्राहक (*Customer*), सेवा (*Product*) , भौगोलिक क्षेत्र (*Geographic Location*) तथा सेवा प्रवाह गर्ने माध्यम (*Delivery Channel*) लगायत AML/CFT सम्बन्धी जोखिमको पहिचान एवम् विश्लेषण गरी सोको मूल्याङ्कन गर्नु पर्नेछः-

(क) मुलुकको राष्ट्रिय तथा क्षेत्रगत जोखिम मूल्याङ्कन सम्बन्धी प्रतिवेदन,

(ख) AML/CFT को सम्बन्धमा कुनै प्रतिष्ठित अन्तर्राष्ट्रिय संस्थाले गरेको अध्ययन तथा अनुसन्धानको प्रतिवेदन,

(ग) व्यवसायिक सम्बन्ध, कारोवारको सीमा र प्रकृति ।

(घ) ग्राहक पहिचानसँग सम्बन्धित विवरण एकीकृत रूपमा विद्युतीय माध्यममा राखी जोखिम सापेक्ष हुने गरी अद्यावधिक गरे नगरेको निश्चित गर्ने ।

(ङ) ग्राहक पहिचान गर्दा ग्राहक एकीकृत पहिचान पद्धति अवलम्बन गरे नगरेको सुनिश्चित गर्ने । फरक फरक सेवा सुविधा लिने ग्राहकको आवश्यकता अनुसारको थप विवरणसमेत एकै ठाँउमा थप गर्न सकिने गरी आवश्यक व्यवस्था गर्ने ।

(२) उपबुँदा नं. (१) बमोजिम सूचक संस्थाले जोखिम मूल्यांकन गर्नुअघि मूल्यांकनको पद्धति तथा वस्तुगत आधार तयार गरी सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखासमक्ष पेश गर्नुपर्नेछ ।

(३) जोखिम व्यवस्थापन सम्बन्धमा उपबुँदा नं.(१) बमोजिम पहिचान गरिएको जोखिमलाई उच्च, मध्यम तथा न्यून जोखिममा वर्गीकरण गर्नु पर्नेछ । सम्बन्धित बैंक वा वित्तीय संस्थाले आवश्यकता अनुसार जोखिमको समीक्षाको आधारमा थप वर्गीकरण गर्न सक्नेछन् ।

(४) प्रत्येक आर्थिक वर्षको पहिलो त्रयमास भित्र AML/CFT सम्बन्धी जोखिमको विश्लेषण गरी तयार गरिएको जोखिम मूल्यांकन प्रतिवेदनका आधारमा नीति तथा कार्यविधिमा आवश्यक परिमार्जन गरी जोखिममा आधारित वार्षिक कार्ययोजना समेत तर्जुमा गरी लागु गर्नु पर्नेछ ।

(५) AML/CFT सम्बन्धी त्रैमासिक विवरण (अनुसूची १९.२) मा तोकिएको ढाँचामा त्रयमास समाप्त भएको मितिले १५ दिनभित्र सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखा तथा वित्तीय जानकारी इकाई ( fiupolicy@nrb.org.np) मा पेश गर्नु पर्नेछ ।

(६) आन्तरिक तथा बाह्य लेखापरीक्षकले AML/CFT प्रणाली जोखिमका आधारमा स्वचालित भए नभएको अनुगमन गर्ने र त्यस्तो अनुगमनमा लक्षित वित्तीय कारबाही, उच्च पदस्थ व्यक्ति, उच्च जोखिम रहेको मुलुक, क्षेत्र तथा उच्च जोखिमयुक्त उत्पादन, उपकरण, सेवा तथा कारोवारको अनुगमन हुने व्यवस्था भए नभएको सुनिश्चित गर्ने ।

(७) बैंक तथा वित्तीय संस्थाले प्रतिवेदन वा सूचना दिनका लागि उपर्युक्त सूचना प्रविधि प्रणाली र सो सम्बन्धी कार्यविधि तर्जुमा गरी समयमै गुणस्तरीय प्रतिवेदन पेस गर्ने व्यवस्था निश्चित गर्ने ।

**१०. प्रविधिगत पहिचान तथा सूचना संकलनको प्रणालीगत व्यवस्था सम्बन्धमा:**

ग्राहक तथा वास्तविक धनी लगायतका व्यक्तिको आधारभूत सूचना तथा कागजात सहितका अन्य विवरण जोखिमका आधारमा नियमित रुपमा विद्युतीय प्रविधिको प्रयोग गरी अद्यावधिक गर्नु पर्नेछ र सो कार्यका लागि सूचना प्रविधि पोर्टल विकास गरी कार्यान्वयन गर्नुपर्नेछ ।

**११. विद्युतीय माध्यमबाट सीमा तथा शंकास्पद कारोवार/गतिविधिको (TTR/STR/SAR) सूचना दिने तथा जोखिम मुल्यांकन प्रतिवेदन पेश गर्ने समय सीमा तथा सम्पति शुद्धीकरण निवारण सम्बन्धी व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन सम्बन्धमा :**

(१) बैंक तथा वित्तीय संस्थाले वित्तीय जानकारी इकाईमा पेश गर्नुपर्ने सीमा तथा शंकास्पद कारोवार/गतिविधिको प्रतिवेदनलाई विद्युतीय माध्यमबाट पेश गर्नका लागि सूचक संस्थाको कोर बैकिङ्ग सिस्टम वा अन्य विद्युतीय माध्यममा ग्राहकका विवरण समयमै अद्यावधिक गरी नियमावलीको नियम ३६ अनुसार अनिवार्य रुपमा विद्युतीय माध्यम (goAML -Production Environment) बाट मात्र पेश गर्नुपर्नेछ ।

(२) सम्पत्ति शुद्धीकरण निवारण ऐनको उद्देश्य र यस बैंकवाट जारी निर्देशन बमोजिम सूचक संस्थाले जोखिमको आधारमा प्रणालीगत व्यवस्था सहित goAML को माध्यमवाट वित्तीय जानकारी इकाईमा रिर्पोटिङ्ग गरे/नगरेको तथा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा यस बैंकवाट जारी भएका निर्देशनहरुको प्रभावकारी कार्यान्वयन भए/नभएको सम्बन्धमा यस बैंकवाट आवश्यक निरीक्षण/सुपरिवेक्षण हुनेछ ।

## १२. वायर स्थानान्तरण सम्बन्धमा :

(१) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले ऐनको दफा ७ ठ. बमोजिम वायर स्थानान्तरण सम्बन्धी कार्य गर्नु पर्नेछ । तर, आवश्यक विवरणहरु नखुलेको कुनै वायर स्थानान्तरण शंकास्पद लागेमा त्यस्तो वायर स्थानान्तरणलाई अस्वीकार वा स्थगित गरी तत्काल सम्बन्धित निकायमा जानकारी गराउनु पर्नेछ ।

(२) ग्राहकले अन्तर्राष्ट्रिय वायर ट्रान्सफर वापत रकम प्राप्त गर्न उपलब्ध गराएको विवरण स्थानीय वायर स्थानान्तरणसँग सम्बन्धित देखिएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले स्थानीय वायर स्थानान्तरण मार्फत् रकम पठाउने व्यक्ति वा संस्थाको विवरण तयार गर्नु पर्नेछ । साथै, एउटै व्यक्ति वा संस्थाले यस प्रकृतिको कार्य ग्राहक पहिचान विवरणसँग मेल नखाने गरी पटक पटक गरेको पाइएमा वित्तीय जानकारी इकाईलाई जानकारी गराउनु पर्नेछ ।

(३) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको सीमापार करेस्पोण्डिङ्ग बैकिङ्ग सम्बन्ध जोखिमरहित बनाई कारोबार सुचारु गर्न करेस्पोण्डिङ्ग बैकिङ्ग सम्बन्धी अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूल्य र मान्यताहरु समेत पूरा गर्नुपर्नेछ ।

## १३. सीमापार करेस्पोण्डिङ्ग बैकिङ्ग सम्बन्ध सम्बन्धमा :

(१) सीमापार करेस्पोण्डिङ्ग बैकिङ्ग सम्बन्ध कायम गर्दा तथा कारोबार गर्दा ऐनको दफा ७ ड. बमोजिमको उपायहरु अवलम्बन गर्नु पर्नेछ ।

(२) सीमापार करेस्पोण्डिङ्ग बैकिङ्ग सम्बन्ध तथा कारोबारको समय समयमा समीक्षा गर्नु पर्नेछ । सो समीक्षाबाट करेस्पोण्डिङ्ग बैंकले AML/CFT Measures को परिपालना गरे नगरेको यकिन गर्नु पर्नेछ र करेस्पोण्डिङ्ग बैंकले AML/CFT Measures को परिपालना गरेको नपाइएमा सो बैंकसँगको सम्बन्ध अन्त्य गर्नु पर्नेछ ।

## १४. निरन्तर अनुगमन सम्बन्धमा :

(१) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले ऐनको दफा ७ भ. बमोजिम निरन्तर अनुगमन (Ongoing Due Diligence) गर्नु पर्नेछ ।

(२) आफूले जारी गरेका विद्युतीय उपकरण वा कार्डको विदेशमा भएको प्रयोग ग्राहकले आफुलाई दिएको जानकारी वा उद्देश्य अनुरुप भए/नभएको र विदेशी बैंक वा वित्तीय संस्थाले जारी गरेको विद्युतीय उपकरण वा कार्डको प्रयोग आफ्नो संयन्त्रमार्फत् भए सोको समेत निरन्तर अनुगमन गर्नु पर्नेछ । यसरी अनुगमन गर्दा शंकास्पद देखिएमा त्यस्तो विद्युतीय उपकरण वा कार्डको प्रयोगमा रोक लगाई वित्तीय जानकारी इकाई लगायत सम्बन्धित अन्य निकायमा तत्काल जानकारी गराउनु पर्नेछ ।

## १५. सीमा कारोबार सम्बन्धमा :

(१) बैंक तथा वित्तीय संस्थाले कुनै व्यक्ति वा संस्थाले ऐनको दफा १० क. बमोजिम देहायका सीमा ( Threshold) भन्दा बढी स्वदेशी वा विदेशी मुद्राको कारोबार गरेमा त्यस्तो कारोबारको विवरण कारोबार भएको मितिले १५ दिनभित्र goAML Software मार्फत वित्तीय जानकारी इकाईमा उपलब्ध गराउनु पर्नेछ र देहायका कारोबारका लागि छुट्टा छुट्टै TTR (Threshold Transaction Reporting) पेश गर्नु पर्नेछ ।

(क) एकै पटक वा पटक पटक गरी एक दिनमा कुनै खातामा गरिएको रु.१० लाख वा सो भन्दा बढी रकमको नगद जम्मा कारोबार वा, एकै पटक वा पटक पटक गरी एक दिनमा कुनै खाताबाट गरेको रु.१० लाख वा सो भन्दा बढी रकमको नगद खर्च कारोबार,

(ख) कुनै खाताबाट एकै पटक वा पटक पटक गरी एक दिनमा गरेको रु. १० लाख वा सो भन्दा बढी रकम बराबर नेपालको सीमा वारपार हुने गरी गरेको विद्युतीय वा अन्य स्थानान्तरण,

(ग) कुनै ग्राहकले एकै पटक वा पटक पटक गरी एक दिनमा गरेको रु. ५ लाख वा सो भन्दा वढी रकमको नगदमा सटही गरिएको विदेशी मुद्रा कारोबार ।

(२) रु.१० लाख वा सो भन्दा बढीको निक्षेप स्वीकार गर्दा इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले रकमको स्रोत ग्राहकलाई उल्लेख गर्न लगाउनु पर्नेछ ।

(३) यस बुँदामा जुनसुकै कुरा लेखिएको भए तापनि इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले देहायका सरकारी कार्यालय, संस्था तथा व्यक्तिहरुले गरेको कारोबारको विवरण वित्तीय जानकारी इकाईमा पठाउन आवश्यक हुने छैन । तर, छुट दिइएका उक्त कारोवारहरुको हकमा शंकास्पद कारोवारको पहिचान गर्न र सो बमोजिमको विवरण तयार गरी वित्तीय जानकारी इकाईमा पठाउन छुट दिएको मानिने छैन ।

(क) नेपाल सरकार वा नेपाल सरकार अन्तर्गतको कार्यालय वा निकायले गरेको कारोबार,

(ख) विशेष ऐन अन्तर्गत स्थापित निकायले गरेको कारोबार,

(ग) संस्थाले संस्थागत रुपमा आफैं वा अन्य इजाजतपत्रप्राप्त बैंक वित्तीय संस्था वा सरकारी निकायसँग गरेको कारोबार,

(घ) सरकारी वा अर्ध सरकारी कार्यालय, संघ, संस्था, कम्पनी वा निकाय, विशेष कानुन बमोजिम स्थापित निकायसँग गरेको कारोबार,

(ङ) पुनरबीमा व्यवसायको काम कारोबार गर्दा बीमा कम्पनीले गरेको कारोबार,

(च) कुनै इजाजतपत्रप्राप्त बैंक वा वित्तीय संस्थाले आफ्नो ग्राहकलाई प्रचलित कानुन बमोजिम कर्जा सापटी वा सुबिधा प्रदान गरेको कारोबार,

(छ) संयुक्त राष्ट्र संघ, सो अर्न्तगतका कार्यालय तथा यसका बिशिष्टीकृत निकाय र अन्तर्राष्ट्रिय संस्थाहरुले गरेको कारोबार,

(ज) कुनै बैंक तथा वित्तीय संस्थाले आफ्ना कर्मचारीलाई दिएको सेवा सुबिधा वापतको कारोवार,

झ) बैंक तथा वित्तीय संस्थाहरुले जारी गरेको चेकमार्फत कुनै एक बैंक वा वित्तीय संस्थामा रहेको खाताबाट अर्को बैंक वा वित्तीय संस्थामा रहेको खातामा नेपालभित्र रकम ट्रान्सफर (नगदमा बाहेक) भएको कारोबार ।

(ञ) विद्यालय, कलेज, विश्वविद्यालय वा अस्पतालको खातामा विभिन्न ग्राहक वा सेवाग्राहीले शुल्क वापत जम्मा गरेको रकम ।

(ट) बीमा कम्पनीको खातामा बीमा शुल्क वापत विभिन्न बीमकहरुले जम्मा गरेको रकम ।

(ठ) नेपाली सेना, नेपाल प्रहरीको लगायत अन्य संस्थाको पेन्सन भुक्तानी सम्बन्धी कारोवार ।

(ड) बैंक तथा वित्तीय संस्थाका आफ्नै आन्तरिक खाताहरु जस्तै :- Settlement Accounts, Nostro/Vostro Account आदिमा भएको कारोवार ।

(ढ) सहकारी र राष्ट्रिय सहकारी बैंक लि. ले गरेको संस्थागत कारोवार ।

(ण) प्रतितपत्र (Letter of Credit-LC) खोल्दा वा सोसँग सम्बन्धित भुक्तानी गर्दा हुने कारोबारहरु ।

(४) सीमा कारोबार विवरणलाई तीनप्रकार (TTR-Cash, TTR-Cross Border and TTR-FCY Exchange) मा वर्गीकरण गरी पेश गर्नुपर्नेछ । वर्गीकरणका सम्बन्धमा वित्तीय जानकारी इकाईले जारी गरेको TTR Guidelines बमोजिम गर्नुपर्नेछ ।

## १६. शंकास्पद कारोबार/गतिविधि सम्बन्धमा :

(१) ऐनको दफा ७ ढ. को उपदफा (१) मा उल्लेखित खास कारोबारका सम्बन्धमा शंकास्पद कारोबार पहिचान गर्ने प्रणालीको विकास गर्नु पर्नेछ ।

(२) ऐनको दफा ७ ध. बमोजिमको अवस्थाहरु विद्यमान भएमा सोको आवश्यक जाँचबुझ गरी तत्काल शंकास्पद कारोबार/गतिविधि प्रतिवेदन (Suspicious Transaction/Activity Report – STR/SAR) goAML Software मार्फत वित्तीय जानकारी इकाई समक्ष पेश गर्नु पर्नेछ । सो प्रतिवेदन तयार गर्दा वित्तीय जानकारी इकाईले जारी गरेको 'STR/SAR Guidelines' तथा अन्य मार्गदर्शनहरुलाई आधार मान्नु पर्नेछ र 'goAML Operational Guidelines' को पालना गर्नुपर्नेछ ।

(३) अनुसन्धान गर्ने निकायहरुबाट अनुसन्धानका सिलसिलामा कुनै व्यक्ति वा संस्थाको विवरण वा सूचना माग गरेको विषय शंकास्पद कारोबारको विषय समेत भएको देखिएमा त्यस्तो ग्राहकको शंकास्पद कारोबार/गतिविधी प्रतिवेदन (Suspicious Transaction/ Activity Report) वित्तीय जानकारी इकाईसमक्ष पेश गर्नुपर्नेछ । त्यस्तो शंकास्पद कारोबार प्रतिवेदनमा नयाँ तथ्य वा विषय जानकारीमा रहेको अवस्थामा बाहेक अतिरिक्त सूचनाको रुपमा अभिलेख राख्नुपर्नेछ ।

(४) शंकास्पद कारोवारको पहिचान, प्रतिवेदन लगायतका व्यवस्था अवलम्बन गर्दा जोखिमको मूल्याङ्कन, ग्राहक पहिचान, कारोवार र जोखिममा आधारित प्रणालीको आधारमा गर्नु पर्दछ । शंकास्पद कारोबारलाई बैंक तथा वित्तीय संस्थाले प्रारम्भिक विश्लेषण गरी उच्चपदस्थ व्यक्तिहरु संलग्न रहेको भए 'STR-PEP' ,आयात तथा निर्यात व्यापारको माध्यमबाट हुन सक्ने सम्पत्ति शुद्धीकरण (Trade Based Money Laundering-TBML) सँग सम्बन्धित भए 'STR-TBML' तथा अन्य STR का सम्बन्धमा आन्तरिक कार्यविधिबमोजिम STR-High, STR-Medium तथा STR-Low मा वर्गीकरण गरी शंकास्पद कारोबार प्रतिवेदन वित्तीय जानकारी इकाईमा पेश गर्नुपर्नेछ ।

(५) बैंक तथा वित्तीय संस्थाले ग्राहकद्वारा शंकास्पद कारोबार गर्ने प्रयास र निजको शंकास्पद गतिविधिको समेत पहिचान गर्ने प्रणाली विकास गर्नुपर्नेछ । साथै ऐनको दफा ७ ध(२) बमोजिम ग्राहकले कुनै कारोबार गर्ने प्रयास मात्र गरेमा समेत सोको आवश्यक जाँचबुझ गरी तत्काल त्यस्तो शंकास्पद गतिविधि सम्बन्धी प्रतिवेदन (Suspicious Activity Report- SAR) goAMLSoftware मार्फत ३ दिनभित्र वित्तीय जानकारी इकाई समक्ष पेश गर्नु पर्नेछ ।

(६) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जोखिमको आधारमा आफ्नो संस्थाको कामकारवाही, कार्य प्रकृति र ग्राहक सेवाको आधारमा शंकास्पद कारोवारको पहिचान सम्बन्धमा विस्तृत मार्गदर्शन तयार गरी लागु गर्ने र सामयिक रुपमा अद्यावधिक गर्नु पर्नेछ ।

(७) प्रचलित कानून बमोजिम ग्राहक पहिचान सम्बन्धी प्रावधानहरु पालना हुन नसक्ने व्यक्तिको हकमा खाता नखोल्ने वा व्यावसायिक सम्बन्ध स्थापना नगर्ने वा खाता खोलेको भए व्यावसायिक सम्बन्ध अन्त्य गर्नुपर्नेछ । यस्तो अवस्थामा संस्थाले आवश्यक ठानेमा शंकास्पद कारोबार/गतिविधी प्रतिवेदन (Suspicious Transaction/ Activity Report) वित्तीय जानकारी इकाईमा पेश गर्नेछ ।

(८) कुनै ग्राहक सम्पत्ति शुद्धीकरण वा आतंकवादी क्रियाकलापमा संलग्न रहेको शंका लागी त्यस्तो ग्राहकको पहिचान प्रक्रिया अगाडी बढाउँदा शंका गरेको विषय ग्राहकले आभाष हुने देखिएमा संस्थाले ग्राहक पहिचान प्रक्रिया अगाडी नबढाई शंकास्पद कारोबार/गतिविधी प्रतिवेदन (Suspicious Transaction/Activity Report) वित्तीय जानकारी इकाईमा पेश गर्नुपर्नेछ ।

(९) कानूनी व्यक्ति वा कानूनी प्रबन्धले व्यावसायिक कारोबारसँग सम्बन्धित रकम त्यस्तो कानूनी व्यक्ति वा कानूनी प्रबन्धको खाता बाहेक अन्य कसैको व्यक्तिगत खातामा भुक्तानी दिने वा लिने गरेको पाइएमा वा प्रचलित कानून बमोजिम बाहेक व्यक्तिगत बचत खातालाई व्यावसायिक कारोबारको माध्यम बनाइएको पाइएमा शंकास्पद कारोबारको रुपमा सोको जानकारी वित्तीय जानकारी इकाईलाई दिनु पर्नेछ ।

## १७. सूचनाको गोप्यता सम्बन्धमा :

संस्थाका पदाधिकारी तथा कर्मचारीहरुले ऐन, नियमावली तथा यस निर्देशन बमोजिम तयार गरिएका प्रतिवेदन, कागजात, अभिलेख, विवरण, सूचना वा जानकारी ग्राहक वा अन्य कुनै व्यक्तिलाई जानकारी दिनु हुँदैन । कसैले ग्राहक वा अन्य कुनै व्यक्तिलाई कुनै प्रतिवेदन, कागजात, अभिलेख, विवरण, सूचना वा जानकारी उपलब्ध

गराएको पाइएमा ऐनको दफा ३७ बमोजिम बचाऊ हुने अवस्थामा बाहेक अन्य अवस्थामा दफा ४४क. बमोजिम सजाय हुनेछ ।

१८. सूचक संस्थाले सम्पत्ति शुद्धीकरण, आतंकवादी क्रियाकलाप तथा आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारणका सम्बन्धमा वर्षभरि गरेका काम कारवाहीको समीक्षा सहितको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र SIS मार्फत् पेश गर्नुपर्नेछ ।

आ.व २०८०/८१ का लागि तयार गरिएको यस्तो प्रतिवेदन २०८१ मङ्सिर मसान्तसम्म पेश गर्न सकिनेछ ।

**१९. आन्तरिक नियन्त्रण सम्बन्धमा :**

(१) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिले ऐन, नियमावली र यस निर्देशनको पालना हुने गरी आवश्यक आन्तरिक नीति, कार्यविधि वा नियन्त्रण प्रणालीको तर्जुमा गरी लागू गर्नु पर्नेछ ।

(२) ऐनको दफा ७ त. को उपदफा (३) बमोजिम ऐन, नियमावली र यस निर्देशन बमोजिमको दायित्व निरन्तर रुपमा पूरा गर्न व्यवस्थापन स्तरको कार्यान्वयन अधिकारी नियुक्त गरी निजको नाम, ठेगाना, योग्यता, सम्पर्क नम्बर, इमेल लगायतका विवरण वित्तीय जानकारी इकाई तथा सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखा समक्ष पेश गर्नु पर्नेछ । साथै, कार्यान्वयन अधिकारी परिवर्तन भएमा वा निजको विवरणमा परिवर्तन भएमा सो को समेत जानकारी पठाउनु पर्नेछ । यस्तो विवरण वित्तीय जानकारी इकाईमा पठाउँदा वा अद्यावधिक गर्दा goAML - Production Environment मार्फत गर्नुपर्नेछ ।

(३) उपबुँदा नं.२ बमोजिम नियुक्त कार्यान्वयन अधिकारीको काम, कर्तव्य तथा अधिकार ऐनको दफा ७ त. को उपदफा (४) बमोजिमको अतिरिक्त देहायबमोजिम समेत हुने गरी तोक्नु पर्नेछ ।

(क) ऐन, नियमावली र यस निर्देशन बमोजिमको कार्य प्रभावकारी वनाउन Focal Point को रुपमा काम गर्ने,

(ख) ऐन, नियमावली र यस निर्देशन बमोजिमको कार्य प्रभावकारी रुपमा गर्न नीति, कार्यविधि र प्रणाली मस्यौदा तर्जुमा गरी पेश गर्ने,

(ग) विभाग, पदाधिकारी तथा कर्मचारीवाट ऐन, नियमावली र यस निर्देशन बमोजिम प्राप्त अस्वभाविक वा शंकास्पद कारोवार सम्वन्धी सूचना विश्लेषण तथा जाँचबुझ गर्ने,

(घ) आफ्नो कार्य सम्पादन गर्न अन्य विभाग वा पदाधिकारीसँग विशेषज्ञ सेवा लिन वा आवश्यक जुनसुकै कागजात, विवरण वा सूचना निर्वाध रुपमा जुनसुकै वखत प्राप्त गर्न सक्ने,

(ङ) ऐन, नियमावली तथा यस निर्देशन बमोजिमको विषय कार्यान्वयन भए नभएको अनुगमन गरी प्रतिवेदन पेश गर्ने,

(४) बैंक तथा वित्तीय संस्थाले व्यवस्थापकीय तहको कार्यान्वयन अधिकारी (Compliance Officer) प्रमुख रहने गरी एक अलग्गै AML/CFT विभाग/इकाई खडा गर्नु पर्नेछ । कार्यान्वयन अधिकारीको नियुक्ति तथा शंकास्पद कारोबार प्रतिवेदन पठाउने सम्बन्धमा देहायबमोजिमको व्यवस्था गर्नुपर्नेछ :

(क) संस्थाले कार्यान्वयन अधिकारी नियुक्ति गर्दा निज सम्बन्धित नियमनकारी निकायका पदाधिकारी वा उच्च व्यवस्थापनका कर्मचारीको एकाघर परिवार वा नजिकको नातेदार नरहेको यकीन गर्नुपर्नेछ ।

(ख) संस्थाले शङ्कास्पद कारोबारको प्रतिवेदन पठाउँदा त्यस्तो संस्थाको कार्यान्वयन अधिकारीको एकाघर परिवार वा नजिकको नातेदार को विवरण पठाउनुपर्ने भएमा निज बाहेक अन्य अधिकारीबाट प्रतिवेदन पठाउने व्यवस्था मिलाउनुपर्नेछ ।

(५) कार्यान्वयन अधिकारीले ऐन, नियमावली तथा यस निर्देशन बमोजिमको विषय कार्यान्वयन गर्ने सिलसिलामा माग गरेको आवश्यक सूचना, जानकारी, कागजात, अभिलेख वा विवरण उपलब्ध नगर्ने

सम्बन्धित बैंक वा वित्तीय संस्थाका पदाधिकारी वा कर्मचारीलाई विभागीय कारवाहीको सिफारिस गर्नु पर्नेछ र सो सिफारिस बमोजिम सम्बन्धित बैंक वा वित्तीय संस्थाले कारबाही गर्नु पर्नेछ । यसरी गरिएको कारबाहीको जानकारी वित्तीय जानकारी इकाईलाई गराउनु पर्नेछ ।

(६) बैंक तथा वित्तीय संस्थाको सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी समितिले निर्देशन नं ६ मा समितिलाई तोकिएको कार्यक्षेत्र अनुसार कम्तीमा तीन महिनामा एक पटक ऐन, नियमावली र यस निर्देशन बमोजिम भए/गरेका काम कारवाहीको सम्बन्धमा सुधार गनुपर्ने बिषय समेत समेटिएको प्रतिवेदन सञ्चालक समितिमा पेश गर्नु पर्नेछ र सञ्चालक समितिले आवश्यक समीक्षा गरी उपयुक्त निर्णय गर्नु पर्नेछ ।

(७) ऐन, नियमावली र यस निर्देशनको पालना प्रभावकारी एवं परिणाममुखी बनाउनका लागि इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले आफ्नो शेयरधनी, सञ्चालक समितिका सदस्यहरु तथा उच्च व्यवस्थापन र कर्मचारीहरुलाई देहायबमोजिम हुने गरी संस्थागत क्षमता अभिवृद्धि कार्यक्रममा सहभागी गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(क) संस्थाको चुक्ता पुँजीको दुई प्रतिशत वा सोभन्दा वढी शेयर स्वामित्व भएका शेयरधनी, सञ्चालक समितिका सदस्यहरु तथा उच्च व्यस्थापनलाई यस विषयको गाम्भीर्यताका बारेमा ज्ञान आदानप्रदान (Knowledge Sharing) कार्यक्रम सञ्चालन गर्ने ।

(ख) कर्मचारीको हकमा क्षमता अभिवृद्धिका लागि नियमित रुपले ज्ञान प्रदान गर्ने कार्यक्रममा सहभागी गराउने ।

(ग) कार्यान्वयन अधिकारी र AML/CFT Unit को कार्यमा प्रत्यक्ष तथा नियमित रुपमा संलग्न अन्य कर्मचारीहरुलाई AML/CFT सम्बन्धी बिषयमा उपयुक्त स्वदेशी तथा वैदेशिक तालिम कार्यक्रममा सहभागी गराउने ।

(८) बैंक तथा वित्तीय संस्थाको नीति र कार्यविधिमा आतङ्कवादी क्रियाकलाप तथा आमविनाशकारी हातहतियारको निर्माण तथा विस्तारमा वित्तीय लगानी नियन्त्रण सम्बन्धी प्रावधान राख्नु पर्नेछ । साथै, संस्थाले आतङ्कवादी क्रियाकलाप र आमविनाशकारी हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानीसँग सम्बन्धित विषयहरूको पहिचान, अनुगमन तथा प्रतिवेदनका लागि आवश्यक संयन्त्रको बिकास गर्नु पर्नेछ ।

(९) बैंक तथा वित्तीय संस्थाले यस निर्देशन अन्तर्गत तर्जुमा गरिएको नीति तथा कार्यविधिमा आतङ्कवादी क्रियाकलाप तथा आम विनाशकारी हातहतियारको निर्माण तथा विस्तारमा वित्तीय लगानी नियन्त्रण सम्बन्धमा छुट्टै प्रावधान राख्नुपर्नेछ । साथै, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को परिच्छेद ६ख. मा उल्लेखित व्यवस्था पालना हुने गरी आतङ्कवादी क्रियाकलाप तथा आम विनाशकारी हातहतियारको निर्माण तथा विस्तारमा वित्तीय लगानी सम्बन्धमा निरन्तर अनुगमन गर्नको लागि कार्यप्रणाली अवलम्बन गर्नु पर्नेछ ।

(१०) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको सञ्चालक समिति, कार्यकारी प्रमुख तथा कर्मचारीहरूले पालना गनुपर्ने आचरण सम्बन्धमा सदाचार नीति (Code of Conduct) तर्जुमा गरी लागू गर्नु पर्नेछ ।

## २०. अभिलेख व्यवस्थापन सम्बन्धमा :

इजाजतपत्रप्राप्त संस्थाले ऐनको दफा ७ द. र नियमावलीको नियम १८ बमोजिम तयार भएका विवरण, सूची, जानकारी, प्रतिवेदन, अभिलेख, सूचनाहरु पाँच वर्षसम्म सुरक्षित राख्नु पर्नेछ । साथै, उपरोक्त विवरणहरु आवश्यक परेको वखत तत्काल उपलब्ध गराउन सकिने गरी विद्युतीय माध्यममा समेत अभिलेख राख्नु पर्नेछ । यसरी राखेको अभिलेख कानुनी कारबाहीको सिलसिलामा प्रमाण स्वरुप प्रयोग गर्न सकिने गरी दुरुस्त राख्नु पर्नेछ ।

## २१. कारबाही तथा सजाय सम्बन्धमा :

(१) ऐन, नियमावली तथा यस निर्देशनको व्यवस्थाको प्रभावकारी कार्यान्वयन नगर्ने इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र त्यस्तो बैंक तथा वित्तीय संस्थाका कर्मचारी तथा पदाधिकारीलाई ऐन बमोजिमको कारबाही हुनेछ ।

(२) उपबुँदा नं. १ बमोजिम कारवाही गर्दा ऐन, नियमावली तथा निर्देशनको पालना नभएको अवस्था, उल्लघंनको मात्रा र सो बाट पर्न सक्ने प्रणालीगत प्रभाव लगायतका विषयको गाम्भीर्यताका आधारमा यस बैंकले देहायबमोजिमको कारबाहीहरु गर्न सक्नेछ ।

| क्र.सं. | पालना नभएको व्यवस्था | कारबाही |
|---|---|---|
| १ | नीति तथा कार्यविधि नभएमा | (क) पहिलो पटकका लागि स्पष्टीकरण सोधिने ।<br>(ख) दोस्रो पटकदेखि रु. १० लाख वा गाम्भीर्यताको आधारमा रु. ५ करोडसम्म जरिवाना गर्ने । |
| २ | ग्राहक पहिचान सम्बन्धी व्यवस्था कार्यान्वयन नभएमा वा प्रभावकारी नभएमा । | (क) पहिलो पटकका लागि स्पष्टीकरण सोधिने ।<br>(ख) दोस्रो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>(ग) तेश्रो पटकदेखि रु. ५० लाख वा गाम्भीर्यरता अनुसार थप जरिवाना गर्ने । |
| ३ | जानीबुझी बेनामी वा काल्पनिक नाममा कारोबार गरेको पाइएमा | (क) रु. ५० लाख वा गाम्भीर्यरता अनुसार थप जरिवाना गर्ने । |
| ४ | ऐनको परिच्छेद ६ ख को व्यवस्था पालना भएको नपाइएमा | (क) पहिलो पटकका लागि रु. २० लाख जरिवाना गर्ने ।<br>(ख) दोस्रो पटकका लागि रु. ५० लाख जरिवाना गर्ने ।<br>(ग) तेश्रो पटकदेखि रु. २ करोड वा गाम्भीर्यता अनुसार रु. ५ करोडसम्म जरिवाना गर्ने ।<br>(घ) पटक पटक प्रणालीगत समस्या भएमा कारोबार वा व्यवसायमा आंशिक वा पूर्ण रोक लगाउने वा इजाजतपत्र निलम्वन वा खारेज गर्ने सम्मको कारबाही गर्ने । |
| ५ | उच्चपदस्थ व्यक्तिको पहिचान हुने प्रणालीको व्यवस्था नभएमा वा प्रभावकारी नभएमा । | (क) पहिलो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>(ख) दोस्रो पटकका लागि रु. २० लाख जरिवाना गर्ने ।<br>(ग) तेस्रो पटकदेखि रु. १ करोड वा गाम्भीर्यता अनुसार रु. ५ करोडसम्म जरिवाना गर्ने । |
| ६ | वास्तविक धनीको पहिचान गर्ने, वृहत ग्राहक पहिचान गर्ने तथा ग्राहक पहिचान अद्यावधिक गर्ने व्यवस्था नभएमा वा प्रभावकारी नभएमा । | (क) पहिलो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>(ख) दोस्रो पटकका लागि रु. २० लाख जरिवाना गर्ने ।<br>(ग) तेस्रो पटकदेखि रु. १ करोड वा गाम्भीर्यता अनुसार रु. ५ करोडसम्म जरिवाना गर्ने । |
| ७ | सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी समितिले तोकेको बमोजिम कार्य गरेको नपाइएमा | (क) रु. १० लाख वा गाम्भीर्यता अनुसार थप जरिवाना गर्ने । |
| ८ | वायर ट्रान्सफर र रेमिटान्स गर्दा ग्राहकको पहिचान हुन नसकेमा | (क) रु. १० लाख वा कारोवार रकम जुन बढी हुन्छ सो बराबर वा गाम्भीर्यता अनुसार थप जरिवाना गर्ने । |

| क्र.सं. | पालना नभएको व्यवस्था | कारवाही |
|---|---|---|
| ९ | वायर ट्रान्सफर र रेमिटान्स गर्दा वास्तविक धनीको पहिचान हुन नसकेमा | (क) रु. २० लाख वा कारोवार रकम जुन बढी हुन्छ सो बराबर वा गाम्भीर्यता अनुसार थप । |
| १० | यस निर्देशन बमोजिम AML/CFT का विधि (Measures) लाई रुजु/यकिन नगरी करेस्पोण्डेन्ट बैकिङ्ग सम्बन्धी कारोवार गरेमा | (क) रु. १० लाख वा कारोवार रकम जुन बढी हुन्छ सो बराबर वा गाम्भीर्यता अनुसार थप जरिवाना गर्ने । |
| ११ | निरन्तर अनुगमन सम्वन्धी व्यवस्था नभएमा वा प्रभावकारी नभएमा । | (क) पहिलो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>(ख) दोस्रो पटकदेखि रु. २० लाख वा गाम्भीर्यता अनुसार थप जरिवाना गर्ने । |
| १२ | सीमा कारोबारको विवरण वित्तीय जानकारी इकाईमा तोकिएको समयमा पेश नगरेमा | (क) पहिलो पटकका लागि रु. २० लाख जरिवाना गर्ने ।<br>(ख) दोस्रो पटकका लागि रु. ५० लाख जरिवाना गर्ने ।<br>(ग) तेस्रो पटकदेखि रु. १ करोड वा गाम्भीर्यता अनुसार रु. ५ करोडसम्म जरिवाना गर्ने । |
| १३ | शंकास्पद कारोबारको पहिचान गर्ने संयन्त्र/प्रणाली नभएमा तथा शंकास्पद कारोवार प्रतिवेदन तोकिएको ढाँचा र समयमा वित्तीय जानकारी ईकाइमा पेश नगरेमा वा प्रभावकारी नभएमा । | (क) पहिलो पटकका लागि रु. २० लाख जरिवाना गर्ने ।<br>(ख) दोस्रो पटकका लागि रु. ५० लाख जरिवाना गर्ने ।<br>(ग) तेस्रो पटकदेखि रु. १ करोड वा गाम्भीर्यता अनुसार रु. ५ करोडसम्म जरिवाना गर्ने । |
| १४ | कार्यान्वयन अधिकारीको व्यवस्था नगरेमा | (क) रु. २० लाख जरिवाना गर्ने । |
| १५ | सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी समितिले पेश गर्नुपर्ने प्रतिवेदन समयमा पेश नगरेमा तथा सञ्चालक समितिले गर्नुपर्ने समीक्षा नगरेमा | (क) पहिलो पटकका लागि स्पष्टीकरण सोधिने ।<br>(ख) दोस्रो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>(ग) तेश्रो पटकदेखि रु. ५० लाख वा गाम्भीर्यरता अनुसार थप जरिवाना गर्ने । |
| १६ | संस्थागत तथा कर्मचारीको क्षमता अभिवृद्धि नगरेमा | (क) पहिलो पटकका लागि स्पष्टीकरण सोधिने ।<br>(ख) दोस्रो पटकका लागि  रु. १० लाख जरिवाना गर्ने ।<br>(ग)तेश्रो पटकदेखि रु. २० लाख वा गाम्भीर्यरता अनुसार थप जरिवाना गर्ने । |
| १७ | तोकिएका विवरणहरुको अभिलेख नराखिएमा वा तोकिएको समयसम्म सुरक्षित नराखिएमा | (क) पहिलो पटकका लागि स्पष्टीकरण सोधिने ।<br>(ख) दोस्रो पटकका लागि  रु. १० लाख जरिवाना गर्ने ।<br>(ग) तेश्रो पटकदेखि रु. २० लाख वा गाम्भीर्यरता अनुसार थप जरिवाना गर्ने । |

(३) यस बुँदा बमोजिम गरिने कारवाही अर्पयाप्त भएको लागेमा बैंक तथा वित्तीय संस्थालाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम यस बैंकले थप कारबाही गर्न सक्नेछ ।

(४) बैंक तथा वित्तीय संस्थालाई यस बुँदा बमोजिम कारवाही वा सजाय भएमा र त्यस्तो सजाय उक्त संस्थाको कुनै पदाधिकारी वा कर्मचारीको काम कारवाहीको कारणले भएको देखिएमा त्यस्तो पदाधिकारी वा कर्मचारीलाई सम्वन्धित बैंक तथा वित्तीय संस्थाले प्रचलित कानुन वा संस्थाको विनियमावली

बमोजिम कारवाही गर्नु पर्नेछ । तर, सूचक संस्थाले उक्त कारबाही नगरेमा नेपाल राष्ट्र बैंकले त्यस्तो पदाधिकारी वा कर्मचारीलाई कारबाही गरी त्यसरी कारबाही नगर्ने संस्थाको सञ्चालक वा सम्बन्धित पदाधिकारीलाई परिपालनाको अवस्था, विषयको गाम्भीर्यता र सूचक संस्थाको प्रकृतिअनुसार रु. १० लाख देखि रु. ५ करोड सम्मको जरिवाना वा पदबाट हटाउने वा दुवै कारबाही गर्न सक्नेछ ।

## २२. खारेजी र बचाऊ

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएका देहायका निर्देशनहरुलाई खारेज गरिएको छ :

(१) एकीकृत निर्देशन, २०८१ को सम्पत्ति शूद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी व्यवस्था इ.प्रा. निर्देशन नं. १९/०८१ बाट जारी गरिएको निर्देशन र सोपश्चात् मिति २०८२ माघ २ सम्म जारी भएका यसैसंग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) ऐन, नियमावली र यस निर्देशनले बन्देज लगाएको अवस्थाहरुमा बाहेक उपबुँदा (१) बमोजिम खारेज गरिएको निर्देशन बमोजिम भए गरेका सम्पूर्ण काम कारबाहीहरु यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।